# प्रदेश सभा सचिवलाय

लुम्बिनी प्रदेश

मुकामः बुटवल, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०४/३२)

प्रदेश सभा सचिवलायबाट प्रदेश सभा, प्रदेश सभाका समितिहरु र प्रदेश सभा सचिवालयका गतिविधिहरु समेटेर प्रदेश सभा सचिवालयले तोकेको ढाँचामा "**प्रदेश सभाको सेरोफेरो**" नामक रेडियो कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको हुँदा रेडियो कार्यक्रम उत्पादनको लागि "लुम्बिनी प्रदेश, प्रदेश सभाको टेलिभिजन तथा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सम्बन्धी निर्देशिका, २०७७" बमोजिम तोकिएको योग्यता पुगेका इच्छुक प्रस्तावदाताले उक्त निर्देशिकामा तोकिएको प्रक्रिया पूरा गरी रेडियो कार्यक्रम उत्पादनका लागी प्राविधिक एवं आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावदाताले यो सुचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट दिनको ३:०० बजे भित्र प्रस्ताव दर्ता गरी सक्नु पर्नेछ र सोही दिन दिनको ४:०० बजे उक्त प्रस्ताव प्रदेश सभा सचिवालयमा खोलिनेछ। निर्देशिका र कार्यक्रमको ढाँचा सचिवालयको वेभसाईट pradeshsabha.p5.gov.np/Download/34 बाट प्राप्त गर्न सकिने छ । रेडियो कार्यक्रम उत्पादनको लागि एउटा मात्र रेडियो कार्यक्रम उत्पादक संस्था छनोट गरिने छ र सो संस्थाबाट उत्पादित रेडियो कार्यक्रम उत्पादन सम्झौता पश्चात प्रदेश भित्रका १२ वटै जिल्लाका १/१ वटा रेडियोलाई प्रसारण गर्न दिईनेछ । निर्देशिकामा तोकिए बमोजिम योग्यता नपुगेका र सचिवालयको लागत अनुमान रु.४,४३,७४०।- भन्दा बढी दर प्रस्ताव गर्ने संस्था छनोट प्रक्रियामा समावेश हुने छैनन् ।

**अन्य जानकारीः**

१) प्रस्तावको साथ संस्थाको विधान, नियमावली र प्रबन्धपत्र, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, नविकरण गरेको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र, अन्तिम आ.व. को रोयल्टी बुझाएको प्रमाणपत्र, भ्याट/पानमा दर्ता भएको प्रमाणपत्र र अद्यावधिक प्रसारण अनुमति पत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२) कम्तिमा ३० मिनेटको नमूना कार्यक्रम पेश गर्नु पर्नेछ ।

३) कार्यक्रम उत्पादकले उत्पादित कार्यक्रम प्रशारक संस्थाहरुमा पुर्याउनु पर्नेछ ।

४) कार्यक्रम तयार गर्दा प्रदेश सभा सचिवालयले तोकेको ढाँचालाई अनुशरण गर्नु पर्नेछ ।

५) रेडियो कार्यक्रम उत्पादक संस्थाको जनशक्ति कार्यक्रम प्रोड्यूसर, स्कृप्ट राइटर, अडियो इडिटर लगायत जनशक्तिको विवरण यस सचिवालयको "रेडियो/टि.भि. उत्पादन तथा प्रशारण निर्देशिका" मा भए बमोजिम हुनेछ ।

६) सो प्रस्ताव सम्बन्धी कागजात यस सचिवालयको प्रशासन शाखाबाट निःशुल्क प्राप्त गर्न सकिनेछ । र सो प्रस्ताव यस सचिवालयको वेव साईट http://pradeshsabha.p5.gov.np/Download/34 बाट डाउनलोड गरी पेश गर्न सकिनेछ । साथै प्रस्ताव पेश गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

७) उत्पादित कार्यक्रम स्वीकृत गर्ने नगर्ने अधिकार यस सचिवालयमा रहनेछ ।

८) थप जानकारीको लागि प्रदेश सभा सचिवालयमा सर्म्पक गर्न वा वेव साईट हेर्न सकिने छ ।

प्रदेश सभा सचिव

प्रदेश सभा सचिवालय,

लुम्बिनी प्रदेश, मुकामः बुटवल ।